साविक श्री खण्डपुर गा.प. वडा न. ८ हालको धु.न. पा ७ मा स्थानीय कपाली परिवारले परम्परादेखी चिहानको रुपमा प्रयोग गर्दै आएको कि. न. ३४३ को क्षेत्रफल १-१-३-२ को जग्गा काठमाडौं विश्वविद्यालय स्थापना हुदाँ विश्वविद्यालयको हाता भित्र पर्न गै हाल विश्वविद्यालयले नै उक्त जग्गा भोगचलन गरिरहेको कारण कपाली परिवारलाई चिहानको निमित्त वैकल्पिक व्यवस्था गर्न अति आवश्यक हुन आएको । प्रस्तुत सन्दर्भमा उक्त चिहानको उपभोक्ता कपाली परिवारको तर्फबाट खटिएका प्रतिनिधी, धुलिखेल नगरपालिका एवं काठमाडौं विश्वविद्यालय बीच पटक पटक छलफल भई चिहानका वैकल्पिक व्यवस्था गर्ने सम्वन्धमा निम्नानुसारको सहमति भयो ।

(१) माथी उल्लेखित कि. नं. ३४३ को जग्गा काठमाडौं विश्वविद्यालयले उपभोग गरीरहेको हुँदा कपाली परिवारको चिहान सम्वन्धी वैकल्पिक व्यवस्थाका लागी साविक श्री खण्डपुर गा. प. वार्ड न. २ हाल धु. न. पा. वार्ड-९ स्थित कि.न. ४५७ को क्षेत्रफल १-८-०-० भएको जग्गा-धनी श्री पूर्णलाल पुटुवारको जग्गा चलनचल्तीको मोलमा धुलिखेल नगरपालिकाले खरिद गरी चिहानको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउने ।

(२) उक्त सम्पूर्ण व्यवस्था मिलाउनको निमित्त धुलिखेल नगरपालिकालाई काठमाडौ विश्वविद्यालयले रु.३,३५,१५६।२५ (अक्षेरुपी तीन लाख पैतीस हजार एकसय छपन्नर पैसा पच्चीस) मा नवढने गरी पेस्की स्वरुप उपलब्ध गराउने । नगरपालिकाले उक्त रकम सोही प्रयोजनको निमित्त खर्च गरी सो को फाटवारी विश्वविद्यालयलाई उपलब्ध गराउने ।

(३) कपाली परिवारले उक्त कि. न.४५७ को जग्गालाई चिहानको रुपमा प्रयोग गर्ने सहमती भएकोले उक्त चिहानको व्यवस्था भएपछि साविकमा चिहानको रुपमा प्रयोग गरी आएको कि. न. ३४३ को जग्गा विश्वविद्यालयबाट गरिने उपयोगमा कुनै किसिमले बाधा विरोध नगरी विश्वविद्यालयले निर्वाध रुपमा भोग चलन गर्न पाउने ।

मिति २०५६ पौष ५ रोज २ मा

| कपाली परिवारको तर्फबाट | धुलिखेल नगरपालिकाको तर्फबाट | काठमाडौं विश्वविद्यालयको तर्फबाट |
|---|---|---|
| विकुलाल कपाली | वेल प्रसाद श्रेष्ठ<br>प्रमुख | डा. सुरेशराज शर्मा<br>उप कुलपति |

उपस्थिति :-

१) उप प्रमुख श्री अशोक ब्याञ्जु, धु. न. पा.
२) वडा अध्यक्ष श्री पूर्ण बहादुर कर्माचार्य, धु.न.पा., वडा नं. ९
३) वडा अध्यक्ष श्री हेम बहादुर थापा, धु.न.पा., वडा नं.७
४) श्री मीन काजी कपाली, धु. न.पा., वडा नं ८
५) श्री पूर्णलाल पुटुवार, पनौती न.पा., वडा नं.१, चौकोट